**स्वामीकार्तिक खापर गाउँपालिकाद्वारा प्रकाशित**

---

# स्वामीकार्तिक खापर राजपत्र

---

**खण्ड: ४** **संख्या: २७** **मिति: २०७७/०३/१७**

---

## भाग-१

**स्वामीकार्तिक खापर गाउँपालिका**

---

**स्थानिय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन कार्यविधि ऐन, २०७७**

---

**स्थानिय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन कार्यविधि ऐन, २०७५ :** प्रस्तावना : स्थानीय स्वास्थ्य संस्थाबाट उपलब्ध गरिने स्वास्थ्य सेवालाई उपलब्ध श्रोत साधनको अधिकतम् सदुपयोग गरी व्यवस्थित जनमुखी र प्रभावकारी वनाउन स्वास्थ्य सेवाको व्यवस्थापन र सञ्चालन स्थानीय तहको नेतृत्वमा परिचालन गर्न नेपालको संविधानको धारा २१४ बमोजिम अनुसुची ८ र ९ को व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) झ प्रयोग गरी स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालनका लागि यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद-१ नाम, प्रारम्भ र परिभाषा

**१. नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "स्वामीकार्तिक खापर गाउँ पालिका, स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि ऐन, २०७७" रहेको छ ।

**(२) यो कार्यविधि नगर कार्यपालिका बाट स्वीकृत भएपछि लागु हुनेछ ।**

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, (

१) "अध्यक्ष" भन्नाले गाउँ पालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(२) "उपाध्यक्ष" भन्नाले गाउँ पालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

(३) "कार्यपालिका" भन्नाले संविधानको धारा २१५ बमोजिम गठित गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(४) गाउँ स्वास्थ्य समिती भन्नाले गाउँ स्तरिय स्वास्थ्य समिती भन्ने सम्झनुपर्छ ।

(५) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(६) "गाउँ पालिका" भन्नाले स्वामीकार्तिक खापर गाउँ पालिका सम्झनु पर्छ ।

(७) "वडा अध्यक्ष" भन्नाले स्वामीकार्तिक खापर गाउँ पालिकाको सम्बन्धित वडामा निर्वाचित वडा अध्यक्ष सम्झनु पर्छ ।

(८) "कार्यपालिका सदस्य" भन्नाले स्वामीकार्तिक खापर गाउँ पालिकाको कार्यपालिकाको सदस्यलाई सम्झनु पर्छ ।

(९) "वडा सदस्य" भन्नाले स्वामीकार्तिक खापर गाउँ पालिकाको सम्बन्धित वडाका सबै निर्वाचित सदस्य सम्झनु पर्छ ।

(१०) "स्वास्थ्य संस्था" भन्नाले स्वामीकार्तिक खापर गाउँ पालिका क्षेत्र भित्र रहेका १५ सैया सम्मको अस्पताल, सरकारी आयुर्वेद औषाधालय तथा केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, र सामुदायिक स्वास्थ्य ईकाई वा क्लिनिक सम्झनु पर्छ ।

११) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन भएको स्वास्थ्य संस्थाहरुलाई सुव्यवस्थित ढङ्गबाट सञ्चालन गर्न गाउँ पालिकाले गठन गरेको स्वास्थ्य संस्था स्तरीय संचालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(१२) “संरक्षक” भन्नाले समितिको संरक्षकलाई सम्झनुपर्छ ।

(१३) “समितिको अध्यक्ष” भन्नाले समितिको अध्यक्षलाई सम्झनुपर्छ ।

(१४) “सदस्य सचिव” भन्नाले समितिको सदस्य सचिवलाई सम्झनुपर्छ ।

(१५) “संस्था प्रमुख” भन्नाले संस्थामा कार्यरत कर्मचारीहरु मध्ये प्रमुखलाई सम्झनु पर्छ ।

(१६) “कर्मचारी” भन्नाले संस्थामा कार्यरत सवै कर्मचारीहरुलाई सम्झनु पर्छ ।

(१७) “कार्यक्षेत्र” भन्नाले सम्बन्धित स्वास्थ्य संस्थावाट नियमित रुपमा स्वास्थ्य सेवा लिने समुदायहरुले समेटेको भौगोलिक क्षेत्र र जनसंख्या तथा संस्थाले प्रवाह गर्ने सेवाहरुलाई सम्झनु पर्छ ।

## परिच्छेद २

**३. उद्देश्य : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।**

(क) संबिधानत जनताको आधारभुत प्राथमिक स्वास्थ्य सेवालाई स्थापित गर्दै गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

(ख) स्थानीय स्तरमा उपलब्ध हुने साधन र श्रोतको अधिकतम् परिचालन गरि छिटो छरितो र प्रभावकारी रुपले स्वास्थ्य सेवा उपलब्ध गराउने ।

(ग) नमुना स्वास्थ्य संस्थाको रुपमा विकास गरि गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

(घ) सबै वडाहरुमा आधारभुत स्वास्थ्य सेवा सर्बशुलभ रुपमा उपलब्ध गराउन वडा स्तरिय स्वास्थ्य संस्थाहरु स्थापना गर्दैजाने ।

(ङ) आवश्यक दक्ष जनशक्तिको व्यवस्था गर्दै गुणस्तरिय स्वास्थ्य सेवा प्रदानगर्न तालिम गोष्ठी व्यवस्थापन गर्ने ।

(च) सबै स्वास्थ्य संस्थामा आवश्यक औषधी तथा उपकरणको व्यवस्थापन गर्ने ।

(छ) सहयोगी संस्थाहरुको सहभागितामा स्वास्थ्य शिविरहरु संचालन गर्ने ।

(ज) स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा बिस्तार र बिकास गर्ने ।

## परिच्छेद ३

**४. नगर स्वास्थ्य समिती गठन**

नेपाल सरकार, प्रदेश सरकार र स्वामीकार्तिक खापर गाउँ पालिकाको स्वास्थ्य नीतिलाई कार्यान्वयन गर्न गराउन गाउँ पालिकामा १ स्वास्थ्य समिती रहने छ । स्वामीकार्तिक खापर गाउँपालिकाको स्वास्थ्य समिती देहाय बमोजिम गठन हुनेछ ।

१) गाउँपालिका अध्यक्ष  - अध्यक्ष

(२) सामाजिक विकास समितीका संयोजक -सदस्य

(३) गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(४) गाउँ सभा सदस्य मध्येबाट गाउँपालिकाले तोकेको १ जना महिला सहित २ जना -सदस्य

(५) स्थानिय समाजसेवी, व्यवसायी, उधोगपति, बुद्धिजिवी र प्रतिष्ठित व्यक्तिहरु मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेको २ जना महिला सहित ४ जना -सदस्य

(६) विभिन्न स्वास्थ्य संस्था प्रमुखहरु मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरको १ जना - सदस्य

(७) स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

**५. गाउँ पालिका स्वास्थ्य समिति : समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(१) संघ, प्रदेश तथा गाउँ पालिकाले बनाएको स्वास्थ्य सम्बन्धि नीति, ऐन, कानून, नियमावली, र निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(२) स्वास्थ्य संस्था सञ्चालन गर्न आवश्यक बार्षिक योजना तथा कार्यक्रम तयार गरि कार्यपालिकाबाट स्विकृत लिई कार्यान्वयन गर्ने गराउने ।

(३) स्वास्थ्य संस्थाको प्रतिवेदन माथि समिक्षा गर्ने, सुझाव दिने तथा संस्थाको आवश्यक योजना तर्जुमा गर्न सहयोग गर्ने ।

(४) कार्यरत कर्मचारीको मूल्याङ्कन गरी पुरस्कृत तथा दण्ड गर्न गाउँ कार्यपालिकामा सिफारिस गर्ने

(५) स्वास्थ्य संस्थामा आवश्यक दरबन्दि सिर्जनना गरि स्विकृतका लागि गाउँ कार्यपालिकामा सिफारिस गर्ने ।

(६) स्वास्थ्य संस्थामा कर्मचारीको व्यबस्थापन गर्न नगरभित्र रहेका स्वास्थ्य संस्थाको स्वीकृत दरबन्दिको समान पदमा सरुवा तथा काजमा खटाउने ।

(७) गाउँ पालिका क्षेत्र भित्र रहेका सम्पुर्ण निजी वा सामुदायिक स्वास्थ्य संस्थाहरु जस्तै अस्पताल, पोलिक्लिनिक, मेडिकल, फार्मेसी, प्रयोगशाला, आँखा दाँत क्लिनिक, स्पेशियालिष्ट क्लिनिक आदीको अनुगमन, सुपरिबेक्षण र निर्देशन दिने ।

(८) कार्यक्रमको लक्ष्य तथा उपलब्धिबारे छलफल गर्ने ।

(९) परिवार स्वास्थ्य र बाल स्वास्थ्य तथा परिवार नियोजन सम्बन्धि कार्यक्रम लागु गर्ने ।

(१०) स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्ति, उपकरण औषधिको उचित उपयोग र संरक्षण गर्न निर्देशन गर्ने ।

(११) गाउँपालिका स्तरिय स्वास्थ्य सचेतना अभियान संचालन गर्ने ।

(१२) विशेष स्वास्थ्य कार्यक्रम संचालन व्यवस्थापन गर्ने ।
१३) स्वास्थ्य संस्था, स्वास्थ्य कार्यक्रम र स्वास्थ्य कर्मीहरुको अनुगमन तथा मुल्यांकन गर्ने ।

**६. बैठक सम्बन्धि व्यवस्था**

१. गाउँपालिका स्वास्थ्य समितीको बैठक चौमासिक रुपमा बस्ने छ ।

२. बुंदा नं. १ मा जुनसुकै कुरा लेखिएता पनि आकस्मिक रुपमा जुनसुकै बखत गाउँपालिका स्वास्थ्य समितीको बैठक बस्न सक्नेछ ।

३. स्वास्थ्य समितीको बैठक समितीका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउने छन् ।

४. अध्यक्षको अनुपस्थितीमा सामाजिक विकास समितीका संयोजक/ गाउँपालिका स्वास्थ्य समितीका सदस्यले बैठकको अध्यक्षता गर्ने छन् ।

५. कम्तिमा ५० प्रतिशत भन्दा बढि सदस्यको उपस्थिती भएमा गणपुरक संख्या पुगेको मानिने छ ।

६. गाउँपालिकाले प्रदान गर्ने गुणस्तरिय स्वास्थ्य सेवाको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न पहल गर्ने ।

## परिच्छेद ४

**७) स्वास्थ्य चौकी/आयुर्वेद औषधालय संचालन तथा ब्यवस्थापन समितिको गठन**

(क) स्वास्थ्य संस्था रहेको वडाको वडा अध्यक्ष - अध्यक्ष

(ख) अध्यक्षले मनोनित गरेको ब्यक्ती - उपाध्यक्ष

(ग) गाउँपालिका अध्यक्षबाट मनोनित गरेको लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रको जानकार १ जना महिला सहित २ - सदस्य

(घ) सम्बन्धित वडाको वडा सचिव - सदस्य

(ङ) महिला स्वास्थ्य स्वयम सेविका १ जना -सदस्य

(च) स्थानिय स्वास्थ्य सेवा उपभोक्ता प्रतिनिधि १ जना - सदस्य

(छ) स्थानिय बिद्यालयको प्र.अ. १ जना - सदस्य

(ज) स्वास्थ्य संस्था प्रमुख -सदस्य सचिव

**८. समितिको पदावधि** : (१) समितिको पदावधि अध्यक्षको पदावधि रहेसम्म कायम रहनेछ ।

(२) अध्यक्षले मनोनित गरेको सदस्यको पदावधि न्युनतम २ वर्ष हुनेछ ।

(३) दफा ४ को उपदफा (६) बमोजिम मनोनित सदस्यको कार्यप्रति प्रमुखले मूल्याङ्कन गर्दा सन्तोषजनक नलागेमा फिर्ता वोलाई अर्को व्यक्तिलाई मनोनित गर्न सक्नेछ ।

(४) सदस्य सचिवको पदावधि सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख रहेसम्म मात्र कायम रहनेछ ।

**९. स्वास्थ्य संस्था समितिको काम कर्तव्य र अधिकार :** स्वास्थ्य संस्था समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) संघ, प्रदेश तथा गाउँ पालिकाले बनाएको ऐन, कानून, नियमावली तथा निर्देशन अनुसार स्वास्थ्य संस्था सञ्चालन गर्ने गराउने ।

(२) स्वास्थ्य संस्था सञ्चालन गर्न आवश्यक नीति योजना बनाई कार्यान्वयन गर्ने गराउने ।

(३) स्वास्थ्य संस्थाको प्रतिवेदनको समिक्षा गर्ने, सुझाव दिने तथा गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने ,

(४) स्वास्थ्य संस्थालाई आवश्यक निर्देशन दिने ,

(५) कार्यरत कर्मचारीको मूल्याङ्कन गरी पुरस्कार तथा दण्डको सिफारिस गाउँ पालिका स्वास्थ्य समितीमा गर्ने,

(६) स्विकृती दरबन्दिमा सरुवा भई आएका कर्मचारीहरुलाई काममा लगाउने ।

(७) वडा भित्र रहेका सम्पुर्ण निजी वा सामुदायिक स्वास्थ्य संस्थाहरु जस्तै अस्पताल, पोलिक्लिनिक, मेडिकल, फार्मेसी, प्रयोगशाला, आँखा दाँत क्लिनिक, स्पेसियलिष्ट क्लिनिक आदीको अनुगमन, सुपरिबेक्षण गरि प्रतिवेदन गाउँ पालिका स्वास्थ्य समितीमा पेश गर्ने ।

(८) अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितीवारे पुनरावलोकन गरी समाधान गर्न सम्बन्धित निकायमा पठाउने ।

(९) कार्यक्रमको लक्ष्य तथा उपलब्धिबारे छलफल गर्ने ।

(१०) माथिल्लो निकायहरुबाट प्राप्त निर्देशन, परिपत्रहरु भए तिनको जानकारी र कार्यान्वयन गर्ने ।

(११) स्वास्थ्य संस्थामा रहेको भौतिक सम्पत्ति, उपकरण औषधिको संरक्षण, उचित उपयोग गर्ने ।

(१२) सेवाको गुणस्तर बृद्धि तथा सेवा विस्तार गर्न योजना निर्माण गरी कार्य गर्ने, कर्मचारीहरुको कार्यको मूल्याङ्कन अनुगमन रेखदेख नियन्त्रण गर्ने ।

(१३) जनसहभागिता जुटाई स्वास्थ्य कार्यक्रम गर्ने ।

(१४) विशेष कार्यक्रम भए आर्थिक तथा भौतिक व्यवस्थापन कार्य गर्ने ।

(१५) कार्यक्षेत्र भित्रको जनसंख्या विवरण बार्षिक रुपमा अध्यावधिक गर्ने गराउने ।

(१६) सबै बालबालिबालाई स्विकृत कार्यक्रम बमोजिमको खोप सेवालाई व्यवस्थित रुपमा प्रदान गर्ने ।

(१७) सबै गर्भवती आमालाई सुरक्षित मातृत्व सेवा प्रदान गर्ने ।

(१८) गाउँ पालिकाबाट निर्दिष्ट सुनौलो हजार दिन लगायतका कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न सहयोग गर्ने ।

(१९) विधालय स्वास्थ्य कार्यक्रम संचालन गर्ने ।

(२०) महामारी र प्राकृतिक प्रकोप जन्य अवस्थामा तत्कालै नियमित स्वासथ्य सेवाहरु प्रदान गर्ने ।

(२१) गाउ घर क्लिनिक व्यवस्थापन / संचालन गर्ने ।

(२२) कार्यक्षेत्र भित्रका सम्पुर्ण घर परिवारको लगत संकलन गरि आधाभुत स्वास्थ्य शिक्षा पुऱ्याउने ।

(२३) स्वस्थकर जीवनशैली र स्वस्थ आहार व्यहार प्रयोग गराई समुदायलाई स्वस्थ बनाउने ।

(२४) समुदाय संग समन्वय गरि किटजन्य रोगहरु (औलौ/कालाजार) को प्रकोप नियन्त्रणका लागि किटनासक औषधी छर्कने कार्य गर्ने गराउने ।

(२५) वातावरणिय सरसफाई कायम राख्न समुदायमा सरसफाई तथा स्वच्छता सम्बन्धि अभियान संचालन गर्ने ।

(२६) ध्वनी प्रदुषण नियन्त्रण गर्ने गराउने ।

**१०. बैठक सम्बन्धि व्यवस्था** : (१) स्वास्थ्य संस्था समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। समितिका अध्यक्षले बैठकको अध्यक्षता गर्नेछन। निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछन्।

(२) स्वास्थ्य संस्था समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ र स्थानीय स्वास्थ्य संस्थाले आफूभन्दा माथिल्लो तहमा प्रतिवेदन पठाउनु अघि बैठक बस्नु पर्नेछ ।

**११. बैठकको गणपुरक संख्या :** (१) स्वास्थ्य संस्था समिति तथा समितिको बैठक कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(२) पहिलो पटक गणपुरक संख्या नपुगी स्थगित भएपछिको बैठकमा उपस्थित संख्यालाई नै गणपुरक संख्या मानिनेछ ।

## परिच्छेद-५

### १२. स्वास्थ्य संस्था प्रमुख सम्बन्धि व्यवस्था

१. यस गाउँ पालिका भित्र स्वास्थ्य सेवामा तहगत प्रणाली लागु हुनेछ ।

२. तहगत प्रणाली स्वास्थ्य सेवा ऐन २०५३ ले व्यवस्था गरे अनुसार हुनेछ ।

३. स्वास्थ्य सेवा प्रमुख तहगत प्रणाली अनुसार लागु हुनेछ ।

४. तहगत रुपले जुन कर्मचारी जेष्ठता कायम हुन्छ , सोही नै संस्था प्रमुख हुने छ ।

**१३. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :** (१) अध्यक्षको निर्देशनमा समितिको सचिवको हैसियतले बैठक आव्हान गर्ने, बैठकमा प्रतिवेदन पेश गर्ने, निर्णयहरु कार्यान्वयन गराउने ।

(२) प्रशासन प्रमुख भई ऐन, नियम र नगर स्वास्थ्य समिती निर्णय, निर्देशन बमोजिम कार्यगरी स्वास्थ्य संस्था सन्चालन गर्ने ।

(३) स्वास्थ्य संस्था व्यवस्थित र सफा राखि सेवा प्रभावकारी ढङ्गबाट सन्चालन गर्ने गराउने ।

(४) गाउँ पालिका तथा समिति र स्वास्थ्य शाखाले तोकेको अन्य काम गर्ने गराउने ।

(५) नियमित कार्यको कार्य प्रगती मासिक रुपमा गाउँ पालिकामा पठाउने ।

(६) लेखा व्यवस्थापन राख्ने ।

(७) संस्थाको भौतिक सम्पत्तिको संरक्षण गर्ने ।

(८) मातहतका कर्मचारीहरुलाई जिम्मेवारी कार्यको जवाफदेहिता बनाउने ।

**१४. कर्मचारी व्यवस्थापन :** (१) स्वास्थ्य संस्थामा हाल कार्यरत कर्मचारीहरु स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम नै हाललाई कार्यरत रहेको मानिनेछ ।

(२) नियम (१) बमोजिम कार्यरत कर्मचारीहरु नेपाल सरकारले गरेका निर्देशन र कर्मचारी समायोजन ऐन बनेपछि सोहि बमोजिम हुनेगरी व्यवस्था गरिनेछ ।

(३) स्वास्थ्य केन्द्र र उप केन्द्रमा कार्यरत कर्मचारीको सेवा, सर्त र सुविधा गाउँ पालिकाले तोके बमोजिम हुनेछ ।

(४) संघीय, प्रदेश र गाउँ पालिकाले बनाएको स्वास्थ्य सम्बन्धि ऐन नियममा अन्यथा भए बाहेक गाउँ पालिकाले गाउँ पालिका क्षेत्रभित्र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई समान पदमा काजमा खटाउन तथा सरुवा गर्न सक्नेछ ।

## परिच्छेद ६

### १५. कोष सम्बन्धि व्यवस्था

स्थानिय स्वास्थ्य संस्था व्यवस्थापन तथा संचालन समितीको कोष रहने छ ।

१. कोषमा देहाय बमोजिमका श्रोतबाट रकम उपलब्ध हुनेछ ।

क) नेपाल सरकार, प्रदेश सरकार तथा स्वामीकार्तिक खापर गाउँ पालिकाबाट प्राप्त अनुदान ।
ख) विभिन्न गैर सरकारी संस्थाबाट प्राप्त नगद तथा जिन्सी । ग) दान दातव्यबाट प्राप्त नगद तथा जिन्सी ।

घ) संस्थाको आन्तरिक श्रोतबाट संकलित रकम ।

ङ) अन्य विविध श्रोतबाट प्राप्त रकम तथा अनुदान । २.
खाता संचालन तथा लेखा व्यवस्थापन

क) स्थानिय स्वास्थ्य संस्था व्यवस्थापन तथा संचालन समितीको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखत बाट खाता संचालन हुनेछ ।

ख) संस्था संचालन गर्दा हुने खर्चहरु समितीको निर्णय बमोजिम हुनेछ ।

ग) संस्थाको आम्दानी तथा खर्च स्पष्ट लेखा प्रणाली बमोजिम नेपाल सरकारले तोके बमोजिमको ढांचामा हुनुपर्ने छ ।

घ) संस्थाको बार्षिक लेखा परिक्षण गाउँ पालिकाले नै तोके बमोजिम हुनेछ ।

ङ) संस्थाको बार्षिक कार्यक्रमको सामाजिक परिक्षण सरोकारवालाको रोहवरमा बार्षिक रुपमा गर्नु पर्ने छ ।

## परिच्छेद ७

**१६. औषधी पसल तथा स्वास्थ्य क्लिनिक संचालन अनुमती अनुगमन र नियमन सम्बन्धि व्यवस्था :`** स्वामीकार्तिक खापर गाउँ पालिका भित्र औषधी पसल स्वास्थ्य क्लिनिक संचालन तथा अनुमतीका लागि अपनाउनु पर्ने प्रकृयाहरु ।

१) औषधी पसल तथा स्वास्थ्य क्लिनिक संचालन गर्ने व्यक्ति तथा संस्थाले तोकिएको ढांचामा आवेदन गर्नु पर्नेछ । आवेदन साथ देहायका विवरण उपलब्ध गराउनु पर्नेछ ।

क) वडा कार्यालयको सिफारिस । ख) सम्बन्धित

काउन्सीलले जारी गरेको प्रमाण पत्र । ग) सम्बन्धित

व्यक्तिको नागरिकताको प्रमाण पत्र ।

घ) तोकिएको मापदण्ड बमोजिमको भौतिक पूर्वाधार पुरा हुनुपर्ने ।

२) प्राप्त आवेदन माथि छानविन गरि गाउँ पालिका स्वास्थ्य समितीले संचालनका लागि तोके बमोजिमको दस्तुर लिई संचालन अनुमती दिन सक्ने छ ।

३) मापदण्ड पुरा नगरी प्राप्त भएका निवेदनलाई स्वीकृत गरिने छैन ।

४) स्वामीकार्तिक खापर गाउँ पालिका स्वास्थ्य समितीले गाउँपालिका भित्र संचालित औषधी पसल तथा स्वस्थ्य क्लिनिकको अनुगमन गर्ने छ । तोकिएको मापदण्ड पुरा नगरी संचालन गरिएका औषधी पसल तथा स्वास्थ्य क्लिनिकलाई मापदण्ड पुरा गर्न निर्देशन गर्ने र कानुन बमोजिम कानुनी कारबाही गर्ने ।

१४. (१) यस कार्यविधिमा लेखिए बाहेकको व्यवस्था बाहेक स्वास्थ्य सेवा ऐन, २०५३, स्थानीय सरकार संचालन ऐन, २०७४ र नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(२)` स्वामीकार्तिक खापर गाउँ पालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरु यसै कार्यविधि बमोजिम सञ्चालन भएको मानिनेछ ।

(३) यो कार्यविधि स्वीकृत हुनुभन्दा अगाडी गाउँ पालिकामा क्रियाशिल रहेका स्वास्थ्य स्वयं सेविकाहरु यसै कार्यविधि अनुसार क्रियाशिल रहेको मानिनेछ ।

(४) महिला स्वास्थ्य स्वयं सेविकाहरुको सेवा, सर्त र सुविधा नेपाल सरकार, संघीय तथा प्रदेश कानुन र गाउँ पालिकाले तोके बमोजिम हुनेछ ।

(५) यो कार्यविधि स्वीकृत हुँदाको समयमा कार्यरत स्वास्थ्य स्वयं सेविकाहरु मध्ये ६० बर्ष पुगी उमेर हद लागी अवकास भएपछि वा अन्य कुनै कारणले पद रिक्त भएमा अर्को व्यबस्था नभए सम्मका लागि रिक्त स्वयं सेविका पदमा पदपूर्ति गरिने छैन् ।

## परिच्छेद ८

**१७. विविध**

१. स्वामीकार्तिक खापर गाउँ पालिका स्वास्थ्य शाखा, स्वास्थ्य केन्द्र र स्वास्थ्य संस्था रहेको स्थानको नाम र स्थापना मिती रहने छ ।

२. स्वामीकार्तिक खापर गाउँ पालिका स्वास्थ्य शाखा, स्वास्थ्य चौकीको नाम र स्वास्थ्य चौकी रहेको स्थानको नाम र मिती रहने छ ।

आज्ञाले
अमर बहादुर रोकाया
नि. प्रमुख प्रशासकीय अधिकृत